# प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५

आन्तरिक मामिला ... बागमती प्रदेश

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५

**प्रदेश राजपत्रमा प्रकाशित मिति**
२०७५।०७।३०

**संशोधन गर्ने आदेश**

प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन (पहिलो संशोधन) आदेश, २०७८ — २०७७।०१।१३

**प्रस्तावनाः** विगतमा नेपाल सरकारबाट स्थापना भई सञ्चालनमा रहेका र हाल प्रदेश सरकारमा हस्तान्तरण भएका अस्पतालको साधन श्रोतको व्यवस्थापन र परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सेवाको विस्तार, विकास र प्रभावकारीता बढाई नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभुत गराउन प्रदेश भित्रका अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश सरकारले यो आदेश बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठन भएको समितिको अध्यक्ष सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

✻(ख) "अस्पताल" भन्नाले प्रदेश सरकार मातहत सञ्चालन भएका तथा बागमती प्रदेश सरकार मातहत रहने भनी तोकी आएका तथा पछि थप हुन आउने अस्पताललाई सम्झनु पर्छ र सो शब्दले प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउने सबै आयुर्वेद स्वास्थ्य केन्द्र/ आयुर्वेद औषधालय र पछि थप हुन आउने आयुर्वेद अस्पताललाई समेतलाई जनाउँछ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

✻(घ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

आन्तरिक मा

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

---

✻ पहिलो संशोधनद्वारा संशोधित ।

※(छ) "समिति" भन्नाले अस्पताल / आयुर्वेद अस्पताल / आयुर्वेद स्वास्थ्य केन्द्र / आयुर्वेद औषधालयको लागि दफा ३ बमोजिम गठन हुने सञ्चानल तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

३. **समितिको गठनः** (१) अस्पतालले उपलब्ध गराउने चिकित्सा र अन्य सेवामा अभिवृद्धि गर्दै अस्पतालको सेवा विस्तार र सुदृढ गर्नका लागि प्रदेश अन्तर्गतका अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्न +प्रत्येक अस्पताल तथा आयुर्वेद अस्पताल/ आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयमा एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश भित्रका सामिजक क्षेत्रमा क्रियाशिल लब्ध प्रतिष्ठित व्यक्तिमध्येबाट मन्त्रालयले मनोनित गरेको -अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको सम्बन्धित स्थानीय तहको कार्यपालिका सदस्य -सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

आन्तरिक मामिला तथ

---

※ पहिलो संशोधनद्वारा संशोधित ।

+ पहिलो संशोधनद्वारा थप ।

⌘(घ) प्रतिनिधि, सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालय - सदस्य

(ङ) सम्बन्धित अस्पतालको चिकित्सक मध्ये वरिष्ठ चिकित्सक एक जना -सदस्य

⌘(च) सम्बन्धित अस्पतालको नर्सिङ्ग प्रमुख/ आयुर्वेद स्वास्थ्य संस्थाको हकमा कविराज/ वैद्य -सदस्य

⌘(छ) सम्बन्धित अस्पताल /आयुर्वेद अस्पताल/ आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको प्रमुख- सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

+(३क.) देहायका अवस्थामा उपदफा (२) मा रहने मनोनित सदस्यको पद रिक्त हुनेछः-

आन्तरिक

(क) निजले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

---

⌘ पहिलो संशोधनद्वारा संशोधित ।

+ पहिलो संशोधनद्वारा थप ।

(घ) <u>कार्यक्षमताको अभाव भई मन्त्रालयले पदमुक्त गरेमा।</u>

(४) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) अस्पतालको विकास सम्बन्धमा आवश्यक दीर्घकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने,

(ग) समितिको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) अस्पतालको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने,

(ङ) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

आन्तरिक मा

(च) वहिरङ्ग तथा अन्तरङ्ग चिकित्सा सेवा, +आयुर्वेद स्वास्थ्य सेवा, प्रयोगशाला तथा अन्य सेवा उपलब्ध गराए वापत शुल्क निर्धारण गर्ने,

(छ) अस्पतालमा गरेका कार्यको समिक्षा गर्ने र आवश्यक निर्णय लिने,

(ज) जनशक्तिको वृत्ति विकासमा आवश्यक कार्य गर्ने,

(झ) समितिको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी त्यस्तो उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने,

(ञ) समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्य मन्त्रालयको स्वीकृती लिई गर्ने, गराउने ।

**५. अध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

आन्तरिक

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने ,

(ख) बैठकमा मत बरावर भएमा निर्णायक मत दिने,

---

+ पहिलो संशोधनद्वारा थप ।

(ग) अस्पतालको विकास, विस्तार एंव व्यवस्थित गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(घ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

६. **<u>समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने ,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रदेश सरकारबाट स्वीकृत कार्यविधि अनुसार कार्य गर्ने,

(घ) अस्पतालको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(ङ) प्रचलित आर्थिक कानून बमिजिमको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

(च) अध्यक्षसँग परामर्श गरी बैठकको विषय तयार गर्ने र बैठक बोलाउने,

(छ) समितिले गरेका निर्णय अनुरुप कार्य गर्ने गराउने,

(ज) दैनिक प्रशासनिक कार्य गर्ने, गराउने।

७. **<u>समितिको बैठक र निर्णयः</u>** (१) समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नु पर्नेछ ।

आन्तरिक मा

तर समितिको बैठक आवश्यकता अनुसार बस्न यस उपदफाले बाधा पार्ने छैन ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको एक तिहाई सदस्यले बैठक बस्न लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी गराई बैठक बोलाउनेछ।

(४) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

✻<u>(५) समितिको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।</u>

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ ।

---

✻ पहिलो संशोधनद्वारा संशोधित ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) समितिमा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दरबन्दी बमोजिमका कर्मचारी रहने छन् ।

(२) उपदफा (१) बमोजिम दरबन्दी भित्रका कर्मचारी पदपूर्ति नभए सम्मको लागि मन्त्रालयले सेवा करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(३) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको दरबन्दी बमोजिमका कर्मचारीबाट गराउन अपूग भएमा सम्बन्धित अस्पतालले मन्त्रालयको स्वीकृति लिई सेवा करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(४) यो आदेश प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत कर्मचारी यो आदेश प्रारम्भ भएपछि समितिबाटै तलव भत्ता खाने गरी समितिको काम काज गर्नेछन् ।

(५) उपदफा (४) बमोजिम समितिमा काजमा रहेका कर्मचारीलाई आफ्नो स्रोतबाट व्यहोर्ने गरी समितिले थप सुविधा दिन सक्नेछ ।

आन्तरि

(६) समितिमा कार्यरत रहेका नेपाल सरकारका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम समितिमा नियुक्त हुने/रहने कर्मचारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

+(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले आफ्नो स्रोतबाट तलब भत्ता प्रदान गर्ने गरी करारमा कर्मचारी नियुक्ति गर्दा प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक रुपमा छनौट हुने व्यवस्था मिलाउनु पर्नेछ।

९. **समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहने छन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) अस्पतालले प्रदान गरेको सेवा वापत प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) स्वदेशी, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिले उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

आन्तरिक मा

+ पहिलो संशोधनद्वारा थप ।

(४) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको कोषमा रहेको रकम समितिले नेपालको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

※(६) समितिको कोषको सञ्चालन सम्बन्धित अस्पतालको कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

+(७) यस दफा बमोजिमको कोष सञ्चालन प्रत्येक अस्पताल/आयुर्वेद अस्पताल/आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको नामबाट छुट्टा-छुट्टै हुनेछ।

१०. **सम्बन्धित कार्यको लागि रकम खर्च गर्नु पर्नेः** प्रदेश सरकारबाट समितिलाई प्राप्त भएको रकम जुन कार्यक्रम वा कामको लागि प्राप्त भएको हो सोही कार्यक्रम र काममा खर्च गर्नु पर्नेछ ।

११. **लेखा र लेखापरीक्षणः** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिले तोकिए बमोजिम समितिको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(३) समितिको आन्तरिक लेखापरीक्षण मान्यता प्राप्त लेखा परीक्षकमध्ये बाट समितिले तोकेको लेखा परीक्षकले गर्नेछ ।

---

※ पहिलो संशोधनद्वारा संशोधित ।

\+ पहिलो संशोधनद्वारा थप ।

(४) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ।

(५) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. **<u>बैठक भत्ता:</u>** सदस्यले समितिको बैठकमा भाग लिए वापत मन्त्रालयले तोकेबमोजिम बैठक भत्ता पाउने छन्।

१३. **<u>वार्षिक प्रतिवेदन पेश गर्ने:</u>** समितिले वर्षभरी गरेको काम कारबाहीको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१४. **<u>अधिकार प्रत्यायोजन:</u>** समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव, अस्पताल प्रमुख,समितिले गठन गरेको उपसमिति वा कार्यदल वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **<u>निर्देशन दिने:</u>** (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. **<u>प्रदेश सरकारसँग सम्पर्क:</u>** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१७. **संशोधन**: यस आदेशको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरे प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

✻१८. **खारेजी र बचाउः** (१) यो आदेश प्रारम्भ हुनु अघि नेपाल सरकारबाट मिति २०७५/०३/३२ को निर्णय बमोजिम खारेजी भएका तत्कालीन अस्पताल विकास समितिका गठन आदेश बमोजिमका विकास समितिमा कार्यरत कर्मचारी तथा समितिका सम्पूर्ण काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

(२) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अञ्चल आयुर्वेद औषधालय सहयोग समिति अनुसार यस पूर्व भए गरेको कामहरू यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

(३) संघीय सरकारको २०७७/८/१८ को निर्णय अनुसार प्रदेश सरकार मातहत राखी व्यवस्थापन हुने गरी प्राप्त हुन आएका अस्पतालहरु तथा यस पछि प्राप्त हुने अस्पताल तथा आयुर्वेद स्वास्थ्य संस्थाहरु समेत यसै आदेश बमोजिम सञ्चालन र व्यवस्थापन भएको मानिनेछ साथै त्यस्ता स्वास्थ्य संस्थामा भएको कुनै व्यवस्थापकीय समिति मार्फत भए गरेका कार्य यसै समितिबाट भए गरेको मानिनेछ ।

आन्त

✻ पहिलो संशोधनद्वारा संशोधित ।

# ※अनुसूची-१

...................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

※ पहिलो संशोधनद्वारा खारेज ।

## ✂अनुसूची-२

.................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

✂ पहिलो संशोधनद्वारा खारेज ।